नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
KAMALADI, KATHMANDU, BAGMATI PROVINCE, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: corporate@nsbl.com.np

मिति: २०८२/१०/०७
प.सं.: एनएसबिएल/सिओ/सिएसओ/२०८२-८३/८२

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**

**सिंहदरबारप्लाजा, काठमाडौं ।**

**विषय:- बैंकको ३२औं वार्षिक साधारण सभाको माईन्यूट सम्बन्धमा ।**

महोदय,

यस नेपाल एसबिआई बैंक लिमिटेडको मिति २०८२ पौष १८ गते (तदनुसार २ जनवरी २०२६), शुक्रबार सम्पन्न बत्तीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) यसै पत्रसाथ संलग्न गरी पठाइएको वेहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

(खगेश्वर भट्ट)
कम्पनी सचिव

# नेपाल एसबिआई बैंक लिमिटेड

## बत्तीसौं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :–**

नेपाल एसबिआई बैंक लिमिटेडको बत्तीसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम बैंक संचालक समितिका अध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :-**

मिति : वि.सं. २०८२ साल पौष १८ गते (तदनुसार २ जनवरी २०२६), शुक्रबार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : बिहान ११:०० बजे ।

३. **उपस्थिति :–**

क) **संचालकको उपस्थिति :**

१. श्री वेंकट वंसीधर कुंचा : अध्यक्ष

२. श्री रितेश सिन्हा : संचालक

३. श्री भरत राज वस्ती : संचालक

४. श्री अप्सरा उप्रेती : संचालक/ लेखापरीक्षण समितिका संयोजक

५. डा. गोपाल प्रसाद भट्ट : स्वतन्त्र संचालक

६. श्री राम कुमार तिवारी : प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत

ख) **पर्यवेक्षकको उपस्थिति :**

१. श्री नवराज सुवेदी : पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय

.................
खगेश्वर भट्ट
(कम्पनी सचिव)

.................
वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

**ग) व्यवस्थापन पदाधिकारीको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री विकास आनन्द | : | नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख संचालन अधिकृत |
| २. | श्री राजेश कुमार पंडा | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री विष्णु देव यादव | : | सहायक महाप्रबन्धक एवं प्रमुख अनुपालना अधिकृत |
| ४. | श्री सन्तोष कुमार भण्डारी | : | प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड |
| ५. | श्री सुनंद मल्होत्रा | : | प्रमुख प्रविधि अधिकृत |
| ६. | श्री नेत्र खतिवडा | : | प्रमुख- वित्त तथा योजना विभाग |
| ७. | श्री खगेश्वर भट्ट | : | कम्पनी सचिव |

**घ) आमन्त्रितको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री शशी सत्याल | : | बाह्य लेखापरीक्षक- प्रबन्ध साझेदार, मेसर्स पिकेएफ टि.आर.उपाध्याय एण्ड कं, चाटर्ड एकाउण्टेन्ट्स |
| २. | वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |
| ३. | अधिवक्ता बासुदेव रिजाल | : | निर्वाचन अधिकृत |

**ङ) शेयरधनीको उपस्थिति :** :

| | | | |
|---|---|---|---|
| १. | स्वयं उपस्थित : | | |
| | भौतिक रुपमा उपस्थित | : | ८३८ जना । |
| | अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित | : | १ जना । |
| २. | प्रतिनिधि मार्फत उपस्थित | : | - |

**खगेश्वर भट्ट**
**(कम्पनी सचिव)**

**वेंकट वंसीधर कुंचा**
**(अध्यक्ष)**

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :–**

**क) सामान्य प्रस्ताव :**

१. आ.व. २०८१/८२ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण (२०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५४४,९५७,९०३.४० बराबर (चुक्ता पुँजीमा ५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. सर्वसाधारण शेयरधनी समूहको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख) विशेष प्रस्ताव :**

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ४३५,९६६,३२२.७२ बराबर (चुक्ता पुँजीमा ४ प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्रका विभिन्न दफामा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. बैंकले आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. १६,५७०,१०५.८४ कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो खर्च अनुमोदन गर्ने ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

४. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने / गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने / गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने / गराउने सम्बन्धमा प्रचलित नियम, कानुन बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने / गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

५. प्रबन्धपत्रका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरुको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

६. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

## ५. गणपूरक संख्या :–

| कुल शेयरधनी संख्या | कुल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित* | | प्रतिनिधि मार्फत | | कुल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| ४३,१९७ | १०,८९,९१,५८०.६८ | ८३९ | ७,६९,१५,२७४ | - | - | ८३९ | ७,६९,१५,२७४ | ७०.५७ |

*अनलाईन / भर्चुअल माध्यम जुम (ZOOM) मार्फत समेत ।

## ६. स्वागत एवं आसन ग्रहण :–

सभाको शुरूमा कम्पनी सचिव श्री खगेश्वर भट्टले साधारण सभाका लागि प्रत्यक्ष रुपमा सभास्थलमा उपस्थित एवं अनलाईन / भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई हार्दिक स्वागत गर्नुभयो । तत्पश्चात् कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप संचालक समितिका अध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूलाई साधारण सभाको अध्यक्षता गरिदिन मञ्चमा आमन्त्रण गर्नुभयो र सभाध्यक्षको आसन ग्रहणपश्चात सभाध्यक्षको अनुमतिमा कम्पनी सचिवले संचालकहरु, पर्यवेक्षक, आमन्त्रित महानुभावहरु तथा बैंक व्यवस्थापन पदाधिकारीहरुलाई साधारण सभामा हार्दिक स्वागत गर्दै मञ्चमा आसन ग्रहण गर्न आग्रह गर्नुभयो । सभास्थलमा प्रत्यक्ष उपस्थित एवं अनलाईन / भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई कम्पनी सचिवले यथास्थानमा आसन ग्रहणका लागि अनुरोध गर्नुभयो । आसन ग्रहण पश्चात् राष्ट्रिय गान गाउने कार्य सम्पन्न भयो ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

७. **सभाको वैधानिकता :–**

बत्तीसौं वार्षिक साधारण सभा शुरु हुनु पूर्व सभाको वैधानिकताको विषयमा छलफल भयो । साधारण सभाको सूचना वि.सं. २०८२ मंसिर २५ गतेको "कारोबार" राष्ट्रिय दैनिक तथा मिति २०८२ पौष १ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै उक्त सूचना तथा साधारण सभामा छलफल गरिने विषयहरू सहितको बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनीहरुको आवश्यक जानकारीका लागि मिति २०८२ मंसिर २५ गते बैंकको वेभसाइटमा राखिएको तथा शेयरधनी महानुभावहरुको व्यक्तिगत वा इमेल ठेगानामा पनि पठाइएको थियो । शेयरधनीहरुको जानकारीका लागि साधारण सभा सम्बन्धी सूचना मिति २०८२ पौष १ गते रेडियो अन्नपूर्ण एफ.एम. मार्फत समेत प्रशारण गरिएको थियो । राष्ट्रिय दैनिकमा प्रकाशित तथा रेडियो मार्फत प्रशारण भएको ३२औं वार्षिक साधारण सभा सम्बन्धी सूचनामा मिति २०८२ पौष ४ गते १ दिनका लागि बैंकको शेयर दाखिल खारेज बन्द रहने व्यहोरा समेत जानकारी गराईएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम आवश्यक कागजात र सभामा पेश हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काइस दिन अगावै तयार गरी शेयरधनीहरुले बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौं तथा बैंकको शेयर रजिष्ट्रार, नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, ठमेल, काठमाडौंमा निरीक्षण गर्न सक्ने व्यवस्था मिलाइएको थियो । साथै, साधारण सभा सम्बन्धी सूचना, जानकारी तथा बैंकको वार्षिक प्रतिवेदन बैंकको वेवसाइट मार्फत समेत उपलब्ध गराइएको थियो । अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिन इच्छुक शेयरधनीहरुलाई Meeting ID तथा Password उपलब्ध गराईएको बेहोरा समेत कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो ।

कुल ४३,१९७ (फ्याक्सन शेयरमात्र धारण गर्ने शेयरधनीहरु बाहेक) शेयरधनीहरुमध्ये प्रत्यक्ष रुपमा सभास्थलमा स्वयं उपस्थित हुनुभएका ८३८ जना शेयरधनीहरू र अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिनुभएका १ जना शेयरधनी समेत कुल ८३९ शेयरधनी साधारण सभामा उपस्थित हुनुभएको र कुल चुक्ता पुँजीको ७०.५७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने जानकारी गराउँदै बत्तीसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको प्रावधान बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) एवं बैंकको नियमावली अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री खगेश्वर भट्टले सभाध्यक्ष समक्ष प्रस्तुत गर्नुभयो । साथै, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा १६४ को उपदफा ८ बमोजिम लेखापरीक्षण समितिका अध्यक्ष/संयोजक लगायत कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम यस बैंकका सम्पूर्ण संचालकहरु साधारण सभामा उपस्थित रहनुभएको जानकारी सभा समक्ष प्रस्तुत गर्नुभयो । सभाले कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको हो भन्ने यकिन गरेको र त्यस सम्बन्धमा अन्य प्रचलित ऐन, कानुनको पालना गरेको एवं रीतपूर्वक साधारण सभाको सूचना दिइएकाले

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

तथा साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको सभाले साधारण सभा गर्न मञ्जुर गरेकाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको हुँदा सभाध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूले सभाको काम कारवाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहाय बमोजिम रहेको छ ।

## ८. सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :–

क) बत्तीसौं वार्षिक साधारण सभाका अध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०८१/८२ का लागि संचालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण (२०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) एवं बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफलका लागि प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षले प्रस्तुत संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण तथा बैंकको सहायक कम्पनीको वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपरको छलफलमा भाग लिन तथा बैंकको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्बन्धमा आफ्नो राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

## ९. छलफलमा सहभागी शेयरधनीहरू :–

छलफलका क्रममा देहायमा उल्लेख भए बमोजिमका शेयरधनी महानुभावहरूले प्रस्तुत संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण, बैंकको सहायक कम्पनीको वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण तथा बैंकको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्बन्धमा आ-आफ्ना राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नुभयो ।

### क) साधारण सभास्थलमा प्रत्यक्ष उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :

- ✓ श्री उत्तम दत्त पाण्डे
- ✓ श्री जगन्नाथ आचार्य

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

- ✓ श्री युगल नारायण बसेल
- ✓ श्री भेष राज भण्डारी
- ✓ श्री गुणराज भट्ट
- ✓ श्री कुवेर लाल श्रेष्ठ
- ✓ श्री राम चन्द्र पोखरेल (प्रतिनिधि- कर्मचारी संचय कोष)
- ✓ श्री ध्रुब राज न्यौपाने
- ✓ श्री जीवन लाल बज्राचार्य
- ✓ श्री निरुपमा गुप्ता
- ✓ श्री जगन्नाथ पाण्डे
- ✓ श्री जयन्द्र मान सिंह बानिया
- ✓ श्री लवराज जोशी

ख) <u>अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत छलफलमा सहभागी शेयरधनी</u> :

- ✓ श्री चन्द्र नारायण श्रेष्ठ

ग) <u>लिखित रुपमा मन्तव्य/सुझाव उपलब्ध गराउने शेयरधनीहरू</u> :

- ✓ डा. रामजी प्रसाद पण्डित
- ✓ श्री ब्रम्हदेव शाक्य
- ✓ श्री सुदिप श्रेष्ठ
- ✓ श्री नरसिंह लाल चखूँ
- ✓ श्री भक्ति प्रसाद उप्रेती
- ✓ श्री बैजु नाथ रौनियार
- ✓ श्री सुरेन्द्र चिमोरिया
- ✓ श्री डमरु वल्लभ घिमिरे
- ✓ श्री लक्ष्मण बहादुर श्रेष्ठ

## १०. मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर :-

छलफलका क्रममा उल्लेखित शेयरधनीहरूले आ-आफ्ना मन्तव्य राख्ने क्रम सम्पन्न भए पश्चात् सभाध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूले संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण, बैंकको सहायक कम्पनीको वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण तथा बैंकको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्बन्धमा शेयरधनीहरूबाट व्यक्त मन्तव्यका लागि हार्दिक आभार प्रकट गर्दै उहाँहरुले व्यक्त गर्नुभएको राय, जिज्ञासा एवं सुझावको सम्बोधन गरी प्रतिक्रिया दिन प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार तिवारीलाई अनुरोध गर्नुभयो।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

शेयरधनीहरूबाट व्यक्त धारणा, राय, जिज्ञासा तथा सुझावको सार यसै माईन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ।

**प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार तिवारीले सभास्थलमा प्रत्यक्ष उपस्थित तथा भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा सहभागी शेयरधनीहरुलाई स्वागत गर्नुभयो र शेयरधनीहरूबाट व्यक्त राय, जिज्ञासा एवं सुझावको देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

- अंग्रेजी वर्ष २०२६ को उपलक्ष्यमा सम्पूर्ण शेयरधनीहरुलाई शुभकामना व्यक्त ।
- बैंकले विपन्न वर्ग कर्जा समुचित तवरले परिचालन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको क्षेत्र तथा तोकिएको पुँजी विस्तार गरी बैंक अगाडि बढेको धारणा व्यक्त ।
- बैंक तथा वित्तीय संस्थाहरुमा अहिले गैर बैंकिङ्ग सम्पतिहरु बढ्दो क्रममा रहेको अवस्थामा पनि बैंकको हिस्सा तुलानात्मक रुपमा कम रहेको जानकारी गराउँदै त्यस्तो गैर बैंकिङ्ग सम्पतिहरु सकार्ने प्रयास गर्दै कर्जा असुली गरिने धारणा व्यक्त ।
- बैंक तथा वित्तीय संस्थाहरुमा बढ्दै गएको डिजिटल, कर्जा र तरलता जोखिमका सम्बन्धमा बैंकले विभिन्न नीतिहरु बनाई समितिहरु मार्फत नियमित रुपमा त्यसको निरीक्षण तथा निगरानी गर्न बैंक प्रतिबद्ध रहको धारणा व्यक्त ।
- बैंकका कर्मचारीहरुलाई बैंकले नियमित रुपमा विभिन्न प्रकारका तालिम प्रदान गर्दै आएको जानकारी ।
- शेयरधनीहरुको सुझावलाई आत्मसाथ गर्दै बैंकले आगामी वर्ष सन्तोषजनक मुनाफा आर्जन गर्न, निष्कृय कर्जा घटाउन विभिन्न रणनीति तय गरी अगाडि बढ्ने धारणा व्यक्त ।
- निष्कृय कर्जा घटाउनका निमित्त बैंकले छुट्टै Stressed Assets Resolution विभाग समेत खडा गरेको र उक्त विभागका कर्मचारीहरु पूर्ण रुपमा कर्जा असुलीमा लागि परेकाले निष्कृय कर्जा घट्नेमा विश्वास व्यक्त ।
- बैंकमा उत्कृष्ट प्राविधिक प्रणाली एवं चुस्त साइबर सुरक्षा रहेको धारणा व्यक्त गर्दै बैंकले सार्वजनिक स्थानहरुमा नेपाल प्रहरी लगायत विभिन्न एजेन्सीसँग सहकार्य गरी साइबर सुरक्षा सम्बन्धी जानकारी प्रदान गर्ने योजना समेत बनाएको धारणा व्यक्त ।
- बैंकले रिटेल व्यवसाय र कर्पोरेट व्यवसाय विस्तार गर्न विभिन्न रणनीतिहरु कार्यान्वयन गरेको जानकारी गराउँदै बैंकले शैक्षिक कर्जा, घर कर्जा, सवारी साधन खरिद कर्जा, भुपु कर्जा, साना तथा मझौला उद्योग कर्जाहरुलाई प्राथमिकतामा राखी कर्जा परिचालन समेत गरेको जानकारी ।
- आवश्यक मात्रामा कर्मचारीहरु पदपूर्ति गरी कर्मचारीहरुलाई सदैव उत्प्रेरित राख्न तलब, भत्ता तथा अन्य सुविधाहरु सन्तोषजनक स्तरमा कायम गरिएको धारणा व्यक्त ।
- बैंकको प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृतको हैसियतले बैंकको व्यवसाय वृद्धि र विकासका लागि सम्पूर्ण कर्मचारीहरु एकजुट एवं कटिबद्ध भई काम गर्ने धारणा व्यक्त ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

- छलफलमा सहभागी भई एवं लिखित रुपमा आफ्नो धारणा, राय, सल्लाह, सुझाव व्यक्त गर्ने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै उक्त राय, सुझावहरुलाई उच्च महत्वका साथ लिइएको तथा आवश्यकता, उपयुक्तता एवं सम्भाव्यताका आधारमा प्रचलित नियामकीय एवं कानूनी प्रावधानहरुको अधिनमा रही कार्यान्वयन गर्न पहल गरिने प्रतिबद्धता व्यक्त ।

## ११. साधारण सभाको निर्णय :

### क) सामान्य प्रस्तावतर्फ :

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले संचालक समितिका तर्फबाट पेश गर्नुभएको आ.व. २०८१/८२ का लागि संचालक समितिको प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव राख्नुभएकोमा सभाले सो संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

२. तत्पश्चात् सभाध्यक्षको प्रस्तावमा सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण (२०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड" को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरिदिन सभाध्यक्षले सभामा प्रस्ताव राख्नुभएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिले स्वीकृत/पारित गर्‍यो ।

४. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५४,४९,५७,९०३.४० (अक्षरेपी चउन्न करोड उनन्चास लाख सन्ताउन्न हजार नौ सय तीन रुपैयाँ चालीस पैसा मात्र) बराबर (चुक्ता पुँजीमा ५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

५. छलफलको विषयसूची नं. ५ बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षले कम्पनी ऐन, २०६३ को दफा १६५(घ) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१(ङ) को प्रावधानअनुरूप बैंकको लेखापरीक्षण समितिले प्रचलित कानून बमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य तीन लेखापरीक्षकहरु मेशर्स पिकेएफ

खगेश्वर भट्ट
(कम्पनी सचिव)

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

टि.आर. उपाध्या एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई पहिलो क्रममा, मेशर्स आर.एस.एम.ए. एसोसियट्सलाई दोस्रो क्रममा तथा मेशर्स जे.बी. राजभण्डारी एण्ड डिबिन्सलाई तेस्रो क्रममा राखी मूल्याङ्कनको आधारमा सम्भावित लेखापरीक्षकहरुको नाम सिफारिस गरेकोमा सभाध्यक्षले पहिलो क्रममा रहेको मेशर्स पिकेएफ टि.आर. उपाध्या एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई बैंकले प्रस्ताव पेश गर्न गरेको आव्हान (Request for Proposal) मा उल्लेखित शर्त एवं प्रचलित कानुन बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८२/८३ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर वाहेक रु. ३०,००,०००/- (अक्षरेपि तीस लाख रुपैयाँ मात्र) (भैपरी आउने खर्च समेत) निर्धारण गर्न सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले तदनुरूप आ.व. २०८२/८३ का लागि मेशर्स पिकेएफ टि.आर. उपाध्या एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई बैंकले प्रस्ताव पेश गर्न गरेको आव्हान (Request for Proposal) मा उल्लेखित शर्त एवं प्रचलित कानुन बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८२/८३ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर वाहेक रु. ३०,००,०००/- (अक्षरेपि तीस लाख रुपैयाँ मात्र) (भैपरी आउने खर्च समेत) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

६. सामान्य प्रस्तावको विषयसूची नं. ६ बमोजिम सर्वसाधारण शेयरधनी समूहको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षले बैंक संचालक समितिबाट उक्त निर्वाचन कार्यका लागि नियुक्त हुनुभएको निर्वाचन अधिकृत अधिवक्ता बासुदेव रिजाललाई निर्वाचन कार्यक्रम तथा परिणाम सभा समक्ष पेश गर्न अनुरोध गर्नुभए बमोजिम निर्वाचन अधिकृत श्री बासुदेव रिजालले संचालक निर्वाचनका सम्बन्धमा भए गरेका निर्वाचन सम्बन्धी कार्यक्रमका सम्बन्धमा सभालाई जानकारी गराउँदै सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) का लागि बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्नुहुने संचालकमा श्री अप्सरा उप्रेतीले मिति २०८२/०९/०९ गते उम्मेदवारी दिनुभएको र तोकिएको समयसम्म उक्त उम्मेदवारी उपर कसैको दाबीविरोध उजुरी समेत नपरेको तथा उम्मेदवारले आफ्नो नाम समेत फिर्ता नलिनुभएको जानकारी गराउँनुभयो । बैंकको संचालक निर्वाचन निर्देशिकाको दफा १६ बमोजिम संचालक पदको लागि उम्मेदवार दिनेको संख्या निर्वाचित हुनुपर्ने पद संख्या भन्दा बढी नभएकाले श्री अप्सरा उप्रेतीज्यू बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट निर्वाचित हुने पद संख्या १ (एक) को लागि निर्विरोध निर्वाचित हुनु भएको जानकारी गराउनुभयो । तत्पश्चात् निर्वाचन अधिकृत अधिवक्ता बासुदेव रिजालले नवनिर्वाचित संचालक श्री अप्सरा उप्रेतीलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो ।

.................
खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

.....................
वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

सभाध्यक्षले श्री अप्सरा उप्रेतीलाई सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक पदमा निर्विरोध निर्वाचित हुनुभएको आधिकारिक रुपमा पुष्टी गर्दै संचालक निर्वाचन सम्बन्धी प्रस्ताव सम्बन्धमा सभासमक्ष जानकारी गराई उक्त प्रस्ताव बमोजिम श्री अप्सरा उप्रेतीलाई निर्वाचित भएको घोषणा गर्नुभयो । साथै, सभाध्यक्ष, संचालक तथा प्रबन्ध संचालक लगायतले नवनिर्वाचित संचालक श्री अप्सरा उप्रेतीलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

७. सामान्य प्रस्तावको विषयसूची नं. ७ "विविध (अध्यक्षज्यूको अनुमतिमा)" अन्तर्गत विविधमा कुनै प्रस्ताव नभएको ।

**ख) विशेष प्रस्ताव :**

१. सभाध्यक्षले विशेष प्रस्तावको बुँदा १ बमोजिम बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरूलाई रु.४३,५९,६६,३२२.७२ (अक्षरेपि त्रिचालीस करोड उनन्साठी लाख छयसट्ठी हजार तीन सय बाइस रूपैयाँ बहत्तर पैसा मात्र) बराबर (चुक्ता पुँजीमा ४ प्रतिशत अर्थात प्रत्येक १०० कित्ता बराबर ४ कित्ताका दरले) बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. माथि विशेष प्रस्तावको बुँदा १ को फलस्वरुप बैंकको जारी तथा चुक्ता पुँजीलाई वृद्धि गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्रको दफा ५(१)(ख) र ५(१)(ग) मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो । सभाबाट पारित प्रबन्धपत्रको संशोधन देहाय बमोजिम रहेको :

**क) <u>प्रबन्धपत्रमा संशोधन</u> :**

**<u>१. दफा ५(१)(ख) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ख) कायम गरिएको :</u>**

बैंकको जारी पुँजी रु. ११,३३,५१,२४,३९०.७२/- (एघार अर्ब तेत्तीस करोड एकाउन्न लाख चौबीस हजार तीन सय नब्बे दशमलव बहत्तर रुपैयाँ) हुनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले ११,३३,५१,२४३.९०७२ (एघार करोड तेत्तीस लाख एकाउन्न हजार दुई सय त्रिचालीस दशमलव नौ हजार बहत्तर) साधारण शेयरमा विभाजन गरिएको छ ।

.................
खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

.................
वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

**२. दफा ५(१)(ग) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ग) कायम गरिएको :**

बैंकको चुक्ता पुँजी रु. ११,३३,५१,२४,३९०.७२/- (एघार अर्ब तेत्तीस करोड एकाउन्न लाख चौबीस हजार तीन सय नब्बे दशमलव बहत्तर रुपैयाँ) हुनेछ ।

३. विशेष प्रस्ताव अन्तर्गत बुँदा ३ मा प्रस्ताव गरिए बमोजिम बैंकले आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. १,६५,७०,१०५.८४ (अक्षरेपि एक करोड पैंसट्ठी लाख सत्तरी हजार एक सय पाँच रुपैयाँ चौरासी पैसा मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो खर्च अनुमोदन गरिदिन सभाध्यक्षले सभासमक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

४. विशेष प्रस्ताव अन्तर्गत बुँदा ४ मा प्रस्तावित गरिए अनुसार बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानुन बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानुन बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. तत्पश्चात् सभाध्यक्षले विशेष प्रस्ताव नं. ५ अन्तर्गत प्रबन्धपत्रका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरूको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले प्रबन्धपत्रको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायत सम्बद्ध निकायसमक्ष आवश्यकता अनुसार प्रबन्धपत्र संशोधनको अभिलेख तथा स्वीकृति गराउने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारण सभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियामक निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्रका संशोधित दफाहरुमा

| | | |
|---|---|---|
| **खगेश्वर भट्ट** | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | **वेंकट वंसीधर कुंचा** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |

आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने प्रस्ताव/निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

६. विशेष प्रस्तावको विषयसूची नं. ६ "विविध (अध्यक्षज्यूको अनुमतिमा)" अन्तर्गत कुनै प्रस्ताव नभएको ।

**१२. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरूमा आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।**

तत्पश्चात् दिनको करिब २:१६ बजे सभाध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूले विधिवत रुपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

...............
**खगेश्वर भट्ट**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

...............
**वेंकट वंसीधर कुंचा**
**(अध्यक्ष)**

*अनुसूची १*

## छलफलमा सहभागी शेयरधनीहरूले व्यक्त गर्नुभएका धारणा, राय, जिज्ञासा तथा सुझावको सार

### क) साधारण सभास्थलमा प्रत्यक्ष उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :

१. श्री उत्तम दत्त पाण्डे :

- बैंकले यस वर्ष प्रस्ताव गरेको ५% नगद लाभांश तथा ४% बोनश शेयरमा सहमती जनाउँदै, आगामी वर्ष दोहोरो अंकमा लाभांश वितरण गर्न अनुरोध ।
- बैंकको निष्कृय कर्जा घटाउन संचालक समिति तथा व्यवस्थापन समितिलाई अनुरोध ।
- बैंकले अवलम्बन गरेको नीति तथा भावी योजना समेत राम्रो रहेको धारणा ।
- बैंकले AAA क्रेडिट रेटिङ्ग प्राप्त गर्न सफल भएकोमा बधाई तथा खुशी व्यक्त ।
- बैंकले संचालन गरेका संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु प्रशंसनीय रहेको धारणा व्यक्त ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

२. श्री जगन्नाथ आचार्य :

- समीक्षा वर्ष २०८१/८२ को मुनाफाबाट बैंकले ४% बोनस शेयर र ५% नगद लाभांश गरी कुल ९% लाभांश प्रस्ताव गरेकोमा सन्तोष व्यक्त ।
- बैंकको सर्वसाधारण शेयरधनी समूहलाई प्रतिनिधित्व गर्ने संचालक निर्विरोध चयन हुनुभएकोमा उहाँलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त ।
- बैंक मर्जर वा एक्विजिसनमा जान उपयुक्त नभएको धारणा व्यक्त ।
- निक्षेप तथा तरलता व्यवस्थापनमा जोड दिई निष्कृय कर्जा घटाउनु पर्ने धारणा व्यक्त ।
- कर्जा असुलीमा खटिएका कर्मचारीहरुको उचित सुरक्षाको साथै उनीहरुको मनोबल बढाउन थप सुविधा प्रदान गर्न सुझाव व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकले गरेका कार्यहरु प्रति खुसी व्यक्त गर्दै समय समयमा सो को उपयोगको निरीक्षण गर्न सुझाव ।
- कर्मचारीहरुलाई समय सापेक्ष तालिम, भत्ता तथा कार्य कुशलताका आधारमा पुरस्कृत गर्न व्यवस्थापनलाई सुझाव ।
- उर्जा तथा नयाँ क्षेत्र जस्तै होटेल, पर्यटन, उद्योग आदिमा लगानी विस्तार गर्न सुझाव व्यक्त ।
- भविष्यमा आउन सक्ने अकल्पनिय भवितव्यबाट बच्न बैंकको चल अचल सम्पत्तिको बीमा गर्न सुझाव ।
- आगामी वर्ष २०८२/८३ मा बैंकको साधारण सभा दशैं अगावै सम्पन्न गर्न तथा दोहोरो अंकको आकर्षक लाभांश प्रस्ताव गर्न सुझाव ।
- बैंकको प्रगतीको कामना सहित अंग्रेजी महिना अनुसारको नयाँ वर्ष २०२६ को शुभकामना व्यक्त ।
- बैंकको ३२औं वार्षिक साधारण सभा सभ्य र भव्य रुपमा सम्पन्न होस् भन्ने कामना व्यक्त ।

३. श्री युगल नारायण बसेल :

- बैंकले ९% प्रतिफल प्रस्ताव गरेकोमा व्यवस्थापनलाई धन्यवाद ।
- बैंकले आगामी वर्ष कम्तिमा १२% प्रतिफल वितरण गर्ने गरी अगाडी बढ्न सुझाव ।
- Impairment charge बढ्न नदिई बरु फिर्ता गर्ने तर्फ प्रयत्न गर्न सुझाव ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- निष्कृय कर्जा बढ्न नदिई थप लगानीका क्षेत्र पहिल्याई सुरक्षित ऋण लगानी बढाउन सुझाव ।
- आगामी वर्ष बैंकले मंसिर महिना भन्दा अगाडी नै वार्षिक साधारण सभा सम्पन्न गर्न सुझाव ।
- साधारण सभा सफल होस् भन्ने कामना व्यक्त ।

**४. श्री भेष राज भण्डारी :**

- बैंकले हरेक वर्ष शेयरधनीहरुका लागि लाभांश प्रस्ताव गरेकोमा बैंक संचालक समिति प्रति आभार प्रकट ।
- समीक्षा वर्षमा वासलातको आकारमा वृद्धि हुनु सकारात्मक रहेको धारणा व्यक्त गर्दै थप वृद्धि गर्न व्यवस्थापनलाई सुझाव ।
- निष्कृय कर्जा घटाई सो का लागि कायम रहेको प्रोभिजन घटाउने तर्फ कार्य गर्न सुझाव ।
- आगामी वर्ष कर्जाको गुणस्तर वृद्धि गरी कर्जा असुलीतर्फ कडाईका साथ लाग्न सुझाव ।
- विभिन्न क्षेत्रमा बैंक पुरस्कृत भएकोमा प्रशंसा तथा बधाई ज्ञापन ।
- हाल बैंकले ५३ जिल्लामा उपस्थिती जनाएको र बाँकी २४ जिल्लामध्ये सम्भावना भएका जिल्लामा समेत क्रमश: सेवा विस्तार गर्न सुझाव ।
- ३२औं साधारण सभाको भव्य सफलताको कामना ।

**५. श्री गुण राज भट्ट :**

- अहिलेको नाजुक अर्थतन्त्रमा पनि बैंकले यस वर्ष ९% लाभांश दिन सक्षम भएकोमा धन्यवाद ज्ञापन ।
- संस्थागत सुशासन र अनुशासनको परिणाम स्वरुप बैंकले प्रगति गरेको धारणा व्यक्त गर्नुका साथै बैंकको संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुप्रति नमन ।
- आगामी वर्ष समेत राम्रो लाभांश वितरण गर्न सफल होस् भन्ने शुभकामना ।
- मर्जर वा एक्विजिसनमा जान उपयुक्त नभएको धारणा व्यक्त ।
- कर्मचारीहरुलाई उचित तालिम, पुरस्कार र प्रोत्साहन गर्नुपर्ने धारणा व्यक्त ।
- ३२औं वार्षिक साधारण सभाको सफलताको कामना ।

**६. श्री कुवेर लाल श्रेष्ठ :**

- Expressed gratitude for proposing 9% dividend to the shareholders for FY 2081/82.
- Acknowledged for the achievement of Triple A (AAA) credit rating of the Bank.
- Expressed the expectation of at least 15% of dividend in the next financial year.
- Suggested to increase the deposits to NPR 250 billion, net profit to NPR 2.25 billion, EPS to NPR 20 per share and reducing gross NPA to below 2% in current financial year.
- Suggested to expedite the recovery of the non-performing loans.
- Expressed the expectation for the Bank to achieve the "Banker of the Year" award.
- Suggested to retain competent and performing staff.

**७. श्री राम चन्द्र पोखरेल (प्रतिनिधि-कर्मचारी संचय कोष) :**

- ३२औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त ।
- हालको प्रतिकूल अवस्थामा समेत अन्य बैंकहरुको तुलनामा निष्कृय कर्जा नियन्त्रणमा रहेको धारणा व्यक्त ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

- बैंकले ९% लाभांश दिन सफल भएकोमा संस्थागत शेयरधनी कर्मचारी संचय कोषको तर्फबाट बधाई तथा आभार व्यक्त ।
- बैंकको वासलातले बैंक सही मार्गमा रहेको पुष्टी गरेको धारणा व्यक्त ।
- बैंकले अपनाएको संस्थागत सुशासनले बैंक अझ अगाडी बढ्न सहज हुने धारणा व्यक्त ।
- ३२औं वार्षिक साधारण सभा सभ्य र भव्य रुपमा सफल होस् भन्ने कामना ।

८. श्री ध्रुब राज न्यौपाने :

- Congratulations to the team for preparing comprehensive Annual Report.
- Suggested to place map of Nepal for locating branches of the Bank in the Annual Report.
- Expressed gratitude for providing both cash dividend and bonus share to the shareholders and expected double digit Dividend next year.
- Suggested not to go for merger.
- Suggested for proper management of non performing loan.
- Suggested for expansion of branches in the Far Western and Karnali region.
- Appreciated the Bank's digital product viz. YONO and ATM card.
- Appreciated on CSR activities conducted by the Bank and suggested to present province wise CSR activities in the Annual Report next year.
- Wished for successful completion of 32nd AGM.

९. श्री जीवन लाल बज्राचार्य

- अहिलेको परिस्थितिमा पनि यस बैंकले शेयरधनीहरुलाई प्रतिफल दिन सफल भएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ज्ञापन ।
- धितोपत्र बजारमा यस बैंकको शेयर मूल्यमा खासै उत्तार चढाव नआउनु सकारात्मक पक्ष रहेको धारणा व्यक्त ।
- बोनश शेयर भन्दा नगद लाभांश वितरणमा जोड दिन सुझाव ।
- संचालन खर्चलाई उचित व्यवस्थापन गर्न सुझाव व्यक्त ।
- Research and Development विभाग खोल्न सुझाव ।
- मर्जर वा एक्विजिसनमा जान उपयुक्त नभएको धारणा व्यक्त ।

१०. श्री निरुपमा गुप्ता :

- बैंकको प्रायः वित्तीय सूचकहरु सकारात्मक रहेको धारणा व्यक्त ।
- निष्कृय कर्जा विवेकपूर्ण तवरले घटाउँदै लैजाने तर्फ विशेष जोड दिएर कार्य सम्पादन गर्न अनुरोध ।
- यस वर्ष शेयरधनीलाई ४% बोनस शेयर र ५% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन र आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा ।
- स्थानीय उद्योगमैत्री एवं ग्रामीण तथा साना उद्योगलाई लक्षित कर्जा सरल प्रकिया र कम ब्याजदरमा प्रवाह गर्न सुझाव ।
- ग्राहकलाई मध्यनजर गर्दै सुरक्षित डिजिटल वित्तीय साक्षरता कार्यक्रम संचालन गर्न सुझाव ।
- बैंकले खर्चमा मितव्ययिता अपनाएर अघि बढ्न अनुरोध ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

.................
खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

.................
वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

११. श्री जगन्नाथ पाण्डे :

- बैंकलाई मर्जरमा जान उपयुक्त नभएको धारणा व्यक्त ।
- यस बैंकले कर्मशीलता, धैर्यशीलता, सहनशीलता, लगनशीलता र अनुशासनशीलता साथ अघि बढेकोले अहिलेसम्म शेयरधनीहरुलाई राम्रो प्रतिफल दिन सफल भएको धारणा व्यक्त गर्दै भविष्यमा समेत राम्रो प्रतिफल दिने अपेक्षा ।
- बैंकले उत्पादकत्वमा ध्यान केन्द्रित गर्न सुझाव ।

१२. श्री जयन्द्र मान सिंह बानिया :

- Suggested to increase rate of dividend next year.
- Suggested to improve financial indicators of the Bank.
- Suggested to utilize the resources properly and optimize the profit.
- Suggested to retain performing employees in the Bank.
- Suggested to increase the ROA & ROE and Net profit of the Bank.
- Wished for better achievement and prosperity of the Bank.

१३. श्री लवराज जोशी :

- कर्मचारीहरुको मनोबल बढाउन उचित तालिमको व्यवस्थामा जोड दिन व्यवस्थापनलाई आग्रह ।
- बैंकले निक्षेपलाई उचित परिचालन गर्न तथा कोषलाई सुरक्षित लगानी गर्न सुझाव व्यक्त ।
- कर्मचारीवर्गले कुशलतापूर्वक जिम्मेवारी निर्वाह गरेको धारणा व्यक्त ।
- सर्वसाधारण शेयरधनी समूहको तर्फबाट निर्विरोध नियुक्त हुनुभएको संचालक श्री अप्सरा उप्रेतीज्यूलाई सफल कार्यकालको शुभकामना व्यक्त ।
- यस बैंकका नवनियुक्त अध्यक्ष श्री वेंकट वंसीधर कुंचाज्यूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै बैंकले आगामी दिनमा थप उन्नति र प्रगती गर्ने विश्वास व्यक्त ।

ख) <u>अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत छलफलमा सहभागी शेयरधनीः</u>

१. श्री चन्द्र नारायण श्रेष्ठ :

- बैंकले यस वर्ष ९% लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकले विभिन्न अवार्ड प्राप्त गर्न सफल भएकोमा बधाई ज्ञापन ।
- बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त ।

ग) <u>लिखित रुपमा मन्तव्य/सुझाव उपलब्ध गराउने शेयरधनीहरू</u> :

१. डा. रामजी प्रसाद पण्डित :

- Expressed gratitude for proposing 4% bonus share and 5% cash dividend to the shareholders for FY 2081/82 and expected more/ similar dividend in the coming year.
- Congratulated Ms. Apsara Upreti for being elected as the Director of the Bank.

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

- Expressd gratitude to Chairman, Board of Directors, CEO, Management Team and all staffs for making slow and steady progress of the bank.
- Suggested to make ease for account opening for Indian citizens working in Nepal by coordinating with Indian Embassy, Nepal Rastra Bank and Nepal Government.
- Wished for betterment and progress of the Bank in coming days.

**२. श्री ब्रम्हदेव शाक्य :**

- बैंकले साधारण सभा समयमै सम्पन्न गरेको तथा बैंकको संस्थागत सुशासन चुस्त र दुरुस्त रहेको धारणा व्यक्त ।
- यस वर्ष बैंकले शेयरधनीलाई ४% बोनस शेयर र ५% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकको निष्कृय कर्जामा घटाउन उपयुक्त कदम चाल्न सुझाव व्यक्त ।
- बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि. को कार्य सन्तोषजनक रहेको तथा कार्यक्षेत्र अझ फराकिलो पार्दै अगाडि बढ्न सुझाव व्यक्त ।
- मर्जर वा एक्विजिसनमा जान उपयुक्त नभएको धारणा व्यक्त ।
- बैंकले संचालन गरेका संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुमा जेनजी आन्दोलनमा भत्किएका संरचना निर्माणमा सहयोग गर्न धारणा व्यक्त ।
- सर्वसाधारण शेयरधनी समूहको तर्फबाट निर्विरोध निर्वाचित हुनुभएको संचालक श्री अप्सरा उप्रेतीज्यूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै शेयरधनीहरुको हितका लागि कार्य गर्न सुझाव व्यक्त ।
- बैंकको हितका लागि काम गर्नुभएका संचालक समिति, व्यवस्थापन समूह एवं कर्मचारीहरुलाई धन्यवाद ज्ञापन ।

**३. श्री सुदिप श्रेष्ठ :**

- यस वर्ष बैंकले ४% बोनस शेयर र ५% नगद लाभांश दिएकोमा धन्यवाद ज्ञापन ।
- बैंकको निक्षेप तथा कर्जा प्रवाह सन्तुलित रुपमा वृद्धि भएको धारणा व्यक्त ।
- प्रवाह गरिएको कर्जा समयमै संकलन गर्न र निष्कृय कर्जा अनुपात कम गर्न सुझाव व्यक्त ।
- गैर बैंकिङ्ग सम्पत्तिहरुलाई समयमै व्यवस्थित ढंगले कार्यान्वयन गर्न अनुरोध ।
- भारतीय स्टेट बैंकको सहकार्यमा स्थापित यस बैंकले व्यवस्थित सेवा दिँदै आएको र भविष्यमा स्वर्ण जयन्ती मनाउन सफल होस् भन्दै उत्तरोत्तर प्रगतिको कामना व्यक्त ।

**४. श्री नरसिङ लाल चखूँ :**

- वार्षिक प्रतिवेदनमा उल्लेख भएका वित्तीय तथ्याङ्कले प्रगतीलाई नियमितता दिएको धारणा व्यक्त ।
- बैंकले यस वर्ष ९% लाभांश वितरण गरेकोमा संचालक समिति, व्यवस्थापन र कर्मचारीहरुप्रति आभार प्रकट ।
- बैंकको आम्दानीका शीर्षकहरु मजबुत बनाउन तथा खर्च घटाउन सुझाव ।
- कर्जा असुलीमा कर्मचारीहरुलाई उचित परामर्श दिई निष्कृय कर्जा कम गर्न सुझाव व्यक्त ।
- बैंकको ROA, ROE मा सुधार गर्न सुझाव व्यक्त ।
- बैंकको निक्षेप परिचालन तथा कोष व्यवस्थापनमा ध्यान केन्द्रित गर्न सुझाव व्यक्त ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

५. श्री भक्ति प्रसाद उप्रती :

- अंग्रेजी वर्ष २०२६ को शुभकामना दिदैं बैंकले सफलता प्राप्त गरी स्वस्थ लाभांश दिगो रुपमा दिन सफल होस् भन्ने अपेक्षा ।
- बैंकले यस वर्ष ५% नगद लाभांश तथा ४% बोनश शेयर गरी जम्मा ९% लाभांश दिने प्रस्ताव गरेकोमा बधाई तथा धन्यवाद ज्ञापन ।
- बैंकको गैर ब्याज आम्दानी तर्फको प्रगती प्रसंशायोग्य रहेको धारणा व्यक्त ।
- बैंकले ICRANP-IR मा १०औं पटक AA पाई कर्जा जोखिम न्यून रहेकोमा बधाई एवं बैंकले केयर रेटिङ्गस नेपालबाट AAA उच्च रेटिङ्ग प्राप्त गरेकोमा गौरवान्वित ।
- बैंकको कर्जा असुलीलाई सर्वोच्च प्राथमिकता दिन सुझाव व्यक्त ।
- बैंकको निष्कृय कर्जा घटाउन मध्यकालिन र तत्कालिन रणनीति र कार्ययोजना बनाई काम गर्न सुझाव ।
- सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने श्री अप्सरा उप्रेती निर्विरोध निर्वाचित हुनुभएकोमा बधाई तथा शुभकामना ।
- ३२औं वार्षिक साधारण सभामा पेश भएका सामान्य र विशेष प्रस्तावमा पूर्ण समर्थन रहेको जानकारी ।

६. श्री बैजु नाथ रौनियार :

- बैंकले यस वर्ष ४% बोनश शेयर र ५% नगद लाभांश गरी जम्मा ९% लाभांश प्रस्ताव गरेकोमा खुसी व्यक्त ।
- प्रति शेयर आम्दानीमा सुधार गर्न सुझाव व्यक्त ।
- बैंकका सूचकहरु सकारात्मक रहेको धारणा व्यक्त ।
- निष्कृय कर्जा कम भए बैंक बलियो हुने भएकोले त्यसलाई घटाउन सुझाव व्यक्त ।
- बैंक Responsible, Reliable and Resilient रहेको धारणा व्यक्त ।
- बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. ले प्रवाह गरेको सेवाका लागि धन्यवाद ।
- ३२औं वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरुमा पूर्ण समर्थन रहेको जानकारी ।
- बैंकको प्रगति र उन्नतिको कामना ।

७. श्री सुरेन्द्र चिमोरिया :

- नेपाल एसबिआई बैंक देशकै अग्रणी वाणिज्य बैंक रहेको धारणा व्यक्त ।
- बैंकले आफ्ना ग्राहकहरुसँग दिर्घकालीन एवं विश्वासपूर्ण सम्बन्ध कायम राखेको धारणा व्यक्त ।
- बैंकले यस वर्ष ९% लाभांश दिन प्रस्ताव राखेकोमा धन्यवाद र आगामी दिनमा समेत राम्रो प्रतिफल वितरण हुने विश्वास व्यक्त ।
- बैंकको आर्थिक सूचकांकहरु सबल रहेकोमा खुसी व्यक्त ।
- सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकमा निर्वाचित श्री अप्सरा उप्रेतीज्यूलाई शुभकामना व्यक्त ।
- सभामा प्रस्तुत सामान्य प्रस्ताव एवं विशेष प्रस्तावमा पूर्ण समर्थन रहेको धारणा व्यक्त ।
- आगामी दिनमा बैंकको प्रगती एवं समृद्धि भईरहोस् भन्ने शुभकामना व्यक्त ।
- ३२औं साधारण सभाको सफलताको शुभकामना व्यक्त ।

८. श्री डमरु वल्लभ घिमिरे :

- अरु बैंकहरुसँग नजुधाई साधारण सभा आयोजना गरी ९% लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।

खगेश्वर भट्ट
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

वेंकट वंसीधर कुंचा
(अध्यक्ष)

- बैंकको गैर बैंकिङ्ग सम्पतिहरु बिक्री गरी कर्जा असुली गर्न अनुरोध ।
- मर्जर वा एक्विजिसनमा जान उपयुक्त नभएको धारणा व्यक्त गर्दै बैंकको पुँजी बढाउँन सुझाव व्यक्त ।
- बत्तीसौं वार्षिक साधारण सभाको सफलताको कामना ।

**९. श्री लक्ष्मण बहादुर श्रेष्ठ :**

- बैंकको साधारण सभा समयमै सम्पन्न गर्नु भएकोमा संचालक र व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै आगामी वर्ष साधारण सभा प्रथम त्रयमाश भित्र सम्पन्न गर्न सझाव ।
- बैंकले यस वर्ष ४% बोनस शेयर र ५% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद र आगामी वर्ष लाभांश बढ्नेमा आशावादी ।
- बैंकको खर्चमा मितव्ययिता अपनाउन आग्रह ।
- बैंकलाई यो स्थानसम्म ल्याउन काम गर्नुभएका सम्पूर्ण कर्मचारीहरुप्रति आभार प्रकट ।
- साधारण सभामा पेस भएका सबै प्रस्तावहरुमा पूर्ण समर्थन ।
- वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त ।

*****

| | | |
|---|---|---|
| .................. | | .............................. |
| **खगेश्वर भट्ट** | | **वेंकट वंसीधर कुंचा** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |